दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ९३ | बुटवल | २०८१ चैत १७, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Mar. 30, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## तीनकुने घटनाको जिम्मेवारी पूर्वराजाले लिनुपर्छ



बुटवल । सत्तारुढ दल नेपाली कांग्रेसले शुक्रबार तीनकुनेमा भएको घटनाको सबै जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्र शाहले लिनुपर्ने बताएको छ।

शनिबारपार्टी सभापति शेरबहादुर देउवा निवास बुढानीलकण्ठमा बसेको पदाधिकारी बैठकले यस्तो निष्कर्ष निकालेको हो। बैठकले आन्दोलन गर्ने समिति ज्ञानेन्द्र शाहले नै बनाएको दाबीसहित सम्पूर्ण घटनाको जिम्मा पूर्वराजाले लिनुपर्ने निष्कर्ष कांग्रेसले निकालेको प्रवक्ता प्रकाशशरण महतले जानकारी दिए।

'अराजक अवस्था देखाइयो । त्यसमा समीक्षा गरेर हिजोको घटनालाई गम्भीर भन्दै भ्रत्सना गरेका छौं । निरंकुश शासनतर्फ लैजाने मनसायका साथ योजना बनाइएको छ। जहाँ जहाँ आक्रमण गर्ने हो योजनाका साथ भएको छ,' उनले भने-'अन्य कैयौं घाइते भएका छन्। यसको सम्पूर्ण जिम्मेवारी पूर्वराजाले लिनुपर्छ उहाँले नै समिति गठन गर्नुभएको हो।'

यसैगरी कांग्रेसले संविधान पक्षधर सबै राजनीतिक दलका नेताहरुसँग सर्वपक्षीय छलफल गर्ने निर्णय पनि गरेको छ।

## रवीन्द्र र धवललाई रिहा गर्न राप्रपाको अल्टिमेटम



बुटवल। राप्रपाले पार्टीका उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री डा. धवलशमशेर राणालाई २४ घण्टाभित्र रिहा गर्न अल्टिमेटम दिएको छ।

शनिबार बसेको पार्टी केन्द्रीय कार्यसम्पादन समितिको बैठकले दुई नेतालगायतलाई २४ घण्टाभित्र रिहा गर्न अल्टिमेटम दिएको बैठकपछि अध्यक्ष राजेन्द्र लिङ्देनले जानकारी दिए।

उनले २४ घण्टाभित्र रिहा नगरिए राप्रपाले देशभर विरोधका कार्यक्रमहरु गर्ने र त्यसलाई आन्दोलनका रुपमा उठाएर लैजाने निर्णय गरेको बताए।

राप्रपाले तीनकुनेमा राजावादीको प्रदर्शनका क्रममा भएको घटना सरकारकै कारणले निम्तिएको दाबीसमेत गरेको छ।

शुक्रबार तीनकुनेमा भएको प्रदर्शनमा हिंसा भड्काउन भूमिका खेलेको आरोपमा मिश्र र राणालगायतका पक्राउ परेका थिए। राप्रपाले शुक्रबार तीनकुनेमा भएको प्रदर्शनका क्रममा मृत्यु भएकालाई सहिद घोषणा गर्न माग गरेको छ।

शनिबार बसेको पार्टीको कार्यसम्पादन समिति बैठकपछि सञ्चारकर्मीसँग बोल्दै अध्यक्ष राजेन्द्र लिङ्देनले तीनकुनेमा प्रदर्शनका क्रममा मृत्यु भएका दुई जनालाई सहिद घोषणा गर्न माग गरे।

शुक्रबारको घटनामा कीर्तिपुर निवासी २९ वर्षीय सविन महर्जन र एभिन्यूज टेलिभिजनका क्यामेरापर्सन सुरेश रजकको मृत्यु भएको थियो।

राप्रपाले घटनाको पूर्ण जिम्मेवारी सरकारले नै लिनुपर्ने ठहर गरेको उनले बताए। आन्दोलनको कार्यक्रम भड्किनुमा सरकार नै दोषी रहेको अध्यक्ष लिङ्देनको जिकिर छ।

'हिजो जे घटना भयो, त्यसमा सरकारको संलग्नता थियो,' लिङ्देनले भने-'सरकार दमन गर्ने योजनाको साथ परिचालित भएको थियो।'

## पौडी खेल्दा दुई किशोरको मृत्यु

अर्घाखाँची। अर्घाखाँचीको भूमिकास्थानका दुई युवाको पौडी खेल्ने क्रममा ज्यान गएको छ।

भूमिकास्थान-१०, धनचौरको देउराली नेटाका जुद्धबहादुर नेपालीका १९ वर्षीय छोरा दिलिप नेपाली र सोही ठाउँका मेघबहादुर नेपालीका १७ वर्षीय छोरा अशोक नेपालीको ज्यान गएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले जनाएको छ।

वडा नम्बर-१० मै पर्ने झिमरुक खोलामा साथीहरु मिलेर पौडी खेल्न गएका ६ जनामध्ये दुई जनाले ज्यान गुमाएका हुन् । पौडी खेल्न रहमा गएका दुई युवा धेरैबेर पानी बाहिर नआएपछि सँगै गएका साथीहरुले आफन्तलाई खबर गरेका थिए।

आफन्त र धनचौर प्रहरीको खोज तलासपछि अचेत भेटिएका दुवै जनालाई उपचारका लागि अर्घाखाँची अस्पतालमा ल्याइए पनि अस्पतालले उनीहरुलाई मृत घोंषणा गरेको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

# २३औं तिलोत्तमा गोल्डकपको उपाधि चर्च ब्वायजलाई

**फाइनलमा विभागीय टिम सशस्त्र प्रहरीको एपीएफ क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै चर्च ब्वाइजले १२ लाख १२ हजार नगद पुरस्कार हात पारेको छ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

चर्च ब्वाइज युनाइटेड क्लब ललितपुरले २३औं तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ।

देवीनगरस्थित एन्फा टेक्निकल सेन्टरको मैदानमा शनिबार सम्पन्न फाइनलमा विभागीय टिम सशस्त्र प्रहरीको एपीएफ क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै चर्च ब्वायजले उपाधि जितेको हो।

चर्च ब्वायजको जितमा पहिलो हाफमा खेलको १९औं मिनेटमा विदेशी खेलाडी रिचार्ड विल्सनले र खेलको ६६औं मिनेटमा राज भुसालले एक- एक गोल गरे । विल्सनले राजको कर्नरमा आएको बललाई हेडिङमार्फत् जाली चुमाएका हुन् । ६५औं मिनेटमा अमन लामाले पेनाल्टी बक्स नजिकबाट प्रहार गरेको फ्रिकिकलाई एपिएफका गोलकिपर विशाल गुरुङले बचाएका थिए । तर, रिबाउन्डमा राजले गोल गरेका हुन्। फाइनलको म्यान अफ द म्याच भुसाल नै भए।

एपीएफले भने पटक-पटक प्राप्त गरेको अवसरलाई चर्च ब्वाइजका गोलकिपर विवश चौधरीले उत्कृष्ट बचाउ गरे।

जिल्ला फुटबल संघ रुपन्देहीले आयोजना गरेको प्रतियोगितामा दुई विभागीय र भारतका दुई सहित ८ टिमले भाग लिएका थिए।

प्रतियोगिताको उपाधि विजेता चर्च ब्वायजले १२ लाख १२ हजार २ सय २२ रुपैयाँ र उपविजेता एपीएफले ६ लाख ६६ हजार ६ सय ६६ रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको एन्फा रुपन्देहीका महासचिव हिमाल गौचनले जानकारी दिए।

प्रतियोगिता सञ्चालन गर्न बुटवल उपमहानगरले ४० लाख बजेट छुट्याएको थियो भने यशोदा फुड्सले करिब २५ लाख रुपैयाँ नगद पुरस्कार प्रायोजन गरेको थियो।

प्रतियोगितामा वेस्ट गोलकिपर चर्च ब्वाइजका विवश चौधरी भए। वेस्ट मिड फिल्डरको उपाधि एपीएफका स्यामुयल सुनारले पाए भने वेस्ट फरवार्ड चर्च ब्वाईजका रिचार्ड विल्सन भए।

यस्तै, वेस्ट डिफेन्डर एपीएफका मानबहादुर राना तथा वेस्ट कोच चर्च ब्याइजका आशिक थापा मगर भए। विधागत उत्कृष्ट खेलाडी र कोचले नगद ३१ हजारका दरले पुरस्कार पाए।

प्रतियोगिताको उत्कृष्ट खेलाडी चर्च ब्वाइजका अमन लामा घोषित हुँदै स्कुटर प्राप्त गरे । विजयी टिम र खेलाडीलाई आयोजक संस्थाका अध्यक्ष लोक पुन, प्रतियोगिताको संरक्षक बुटवल उप-महानगरका प्रमुख खेलराज पाण्डेय, नगद पुरस्कारको प्रायोजक यशोदा फुड्स र त्रिमूर्ति इण्डस्ट्रिजका नरिश्वर पौडेललगायतले पुरस्कार तथा प्रमाणपत्र विरण गरेका थिए।

## ओआइडीडी अवार्डको भोटिङमा तिलोत्तमा पहिलो



तिलोत्तमा । जनसहभागितामा आधारित असल अभ्यासको बिच अन्तर्राष्ट्रियस्तरको ओआइडीपी अवार्डको अनलाइन भोटिङमा रुपन्देहीको तिलोत्तमा नगरपालिका पहिलो भएको छ। स्पेनको इन्टरनेसनल अब्जरभेटरी अन पार्टिसिपेसन डेमोक्रेसी (ओआइडीपी) संस्थाले १९औं संस्करणको अवार्डका लागि मागेको आवेदनमा विश्वका ३७ देशका स्थानीय र प्रदेश सरकार गरी १३७ मध्ये पहिलो चरणमा तिलोत्तमा उत्कृष्ट ४० मा छनोट भएको थियो।

छनोट भएका ४० आवेदकबिच मार्च २८ सम्म एक हप्ताको अवधि राखेर अनलाइनमार्फत् खुला भोटिङ भएको थियो। जसमा तिलोत्तमाले सबैभन्दा बढी १७३६ मत पाएर पहिलो भएको ओआइडीपीले नगरप्रमुख रामकृष्ण खाँणलाई पठाएको पत्रमा जानकारी गराइएको छ। खुल्ला भोटको ५० अंक र जुरी (निर्णायक) को ५० अंकका आधारमा अवार्ड विजेता घोषणा गरिने छ। तिलोत्तमा नेपालको मात्र नभई सार्क राष्ट्रहरुमध्येबाट अवार्डको अन्तिम प्रतिस्पर्धामा पुग्न सफल भएको एक मात्र पालिका थियो।

मे महिनाको २१ देखि २३ सम्म अर्जेन्टिनाको कोर्डोबामा हुने २४औं ओआईडीपी कन्फेरेन्स (सम्मेलन) मा अवार्ड विजेता घोषणा गरी वितरण गरिने छ।

ओआइडीपीले विभिन्न पाँचवटा विधामा आवेदन माग गरेकोमा तिलोत्तमा 'ग्रीन तिलोत्तमा, क्लिन तिलोत्तमा' अभियानअन्तर्गत पारिस्थितिक संक्रमण र वातावरण (इकोलोजिकलक ट्रान्जिसन एण्ड इन्भाइरन्मेन्ट) विधामा छनोट भएको थियो। नगरवासीको वृहत् सहभागितामा हरेक महिनाको १ गते र १५ गते नगर सरसफाइ तथा हरियाली प्रवर्द्धन अभियानलाई २०७४ सालदेखि ८ वर्षसम्म निरन्तर सञ्चालन गरेकाले तिलोत्तमा नगरपालिका अवार्डको फाइनलमा पुग्न सफल भएको नगरप्रमुख खाँणले बताए।

पहिलो नगर प्रमुख बासुदेव घिमिरेको पालामा सुरु भएको जनसहभागितामा नगर सरसफाइ तथा हरियाली प्रवर्द्धन अभियानले अहिले १४१औं श्रृंखला सम्पन्न गरेको छ। सोही अभियानअन्तर्गत तिलोत्तमा शून्य खुल्ला पोलिथिन नगर घोषित भएको छ।

तत्कालीन नगर प्रमुख एवं हालका प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरेले ओआइडीपी अवार्डमा तिलोत्तमा छनोट हुनुले जनसहभागितामा आधारित सरसफाइ र हरियाली प्रवर्द्धन अभियान नेपालमा मात्र नभइ विश्वमै नमूना र उदाहरणीय काम पुष्टि भएको उल्लेख गरे। उनले यो अभियानलाई नेपालका सबै पालिकाहरुले अनुशरण गर्दा सिंगो नेपाल विश्वकै सफा र सुन्दर देश बन्न सम्भव रहेको बताएका छन्।



२०८१ चैत १७, गते आइतबार
Sunday Mar. 30, 2025

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

## सम्पादकीय

# दोषीलाई कारबाही गर

राजतन्त्र पुनःस्थापनाको माग राख्दै राजावादी समूहले गरेको प्रदर्शन अराजक र हिंसात्मक भएको छ। उग्र प्रदर्शनकारीले तोडफोड,आगजनी र लुटपाट गरेका छन्। उनीहरुको आगजनीमा परेर एकजना पत्रकारको जलेर ज्यान गएको छ। अर्का एक युवा प्रहरीको गोली लागेर मृत्यु भएको छ। शान्तिपूर्ण आन्दोलन भनिए पनि शुक्रबार सुरुदेखि नै उनीहरुको उग्र प्रदर्शनले सीमा नाघेर तोडफोड, आगजनी र लुटपाटसम्म पुग्यो। यो असामान्य घटनामा विवादास्पद व्यवसायी दुर्गा प्रसाईंलाई कमाण्डर तोकेर पूर्व राजा ज्ञानेन्द्र शाहले धमिलो पानीमा माछा मार्ने दाउ चालेका छन्।

पूर्व राजा ज्ञानेन्द्रले धेरै पहिलेदेखि चाल्दै आएको रणनीतिलाई अहिले कार्यान्वयन गरेका हुन्। कोभिड महामारीपछिको आर्थिक संकटले समाजमा चरम निराशा बढेका बेला उनले व्यवस्था बदल्ने योजनालाई कार्यान्वयन गर्ने चाल चाले। जसका लागि पञ्चायतकालीन नेता नवराज सुवेदीलाई आन्दोलन परिचालन समितिको संयोजक र विवादास्पद व्यवसायी प्रसाईंलाई फिल्ड कमाण्डर तोकेर जिम्मेवारी दिए। शुक्रबारको तोडफोड, आगजनी र लुटपाटको अघिल्लो साँझ निर्मल निवासमा उनीहरुलाई भेटेर ज्ञानेन्द्र शाहले निर्देशन दिएकाले यो वितण्डामा प्रमुख दोषी उनी समेत हुन्। सरकारले फौजदारी अभियोगमा यो घटनाको अनुसन्धान अघि बढाएको छ, राजनैतिक आन्दोलनको बहानामा अराजनैतिक गतिविधि गर्नेहरुलाई फौजदारी अभियोगमा अनुसन्धान गर्ने र कानुनको दायरामा ल्याउनु स्वाभाविक छ। राप्रपाका वरिष्ठ नेता रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर जबरासहित केही पक्राउ परिसकेका छन्, प्रसाईं फरार भएका छन्।

ड्युटीमा खटेका प्रहरीलाई कुल्चनेगरी गाडी हाकेर प्रसाईंले जुन उदण्ड क्रियाकलाप देखाए, भीडलाई आगजनी र तोडफोडका निम्ति उक्साए। उनको अक्षम्य हर्कत जति निन्दा गरे पनि कमि हुन्छ। औषधि उत्पादन गर्ने कम्पनीमा आगजनी भयो। सञ्चार गृहमा तोडफोड भयो, आगजनीको प्रयास भयो। भाटभटेनीलगायत व्यापारिक प्रतिष्ठानमा लुटपाट भयो। अन्य निजी र व्यापारिक भवनमा आगजनी भयो। रिर्पोटिङमा फिल्डमा खटेका पत्रकारलाई तिनकुनेमा आगलागी भएको भवनको बाहिरबाट चावी लगाइदिएर थुनियो, त्यही एकजना पत्रकार जलेर ज्यान गुमाएको घटना बर्बर र आततायी हो।

यो संविधान जनताबाट निर्वाचित संविधानसभाले बनाएको हो। संविधानसभाले बनाएको संविधानप्रति विश्वास र भरोसा हराएको हो भने संवैधानिक प्रक्रियाबाट दुई तिहाइ ल्याएर व्यवस्था परिवर्तन गर्न सकिन्छ। त्यसका लागि उनीहरुले राजनैतिक अभियान सञ्चालन गर्न सक्छन्, तर राजनैतिक अभियानका नाउमा अराजनैतिक, उदण्ड, अराजक र हिंसात्मक गतिविधिले उनीहरुको अभियानलाई बल पुर्‍याउँदैन्, बरु उनीहरुलाई कानुनको कठघरामा उभ्याउने वातावरण तयार हुन्छ। राजावादीहरुले आफ्नै गतिविधिले कमजोर बन्ने वातावरण बनाउँदैछन्। लोकतन्त्रमा लोकतान्त्रिक विधि, प्रक्रिया र मर्मलाई आत्मसात गर्दा नै राजनैतिक अभियानप्रति नागरिकको भरोसा र विश्वास बढ्ने हो। लोकतान्त्रिक विधिलाई कुल्चने चेष्टा पूर्व राजा ज्ञानेन्द्र शाहले गरे। यो अभियानमा जो जोले कमजोरी गरे, शुक्रबारको घटनाको प्रभावकारी छानबीन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ।

# गरिबीका बहुआयामिक कारण

सञ्जय साह मित्र

*बहुआयामिक गरिबीका सूचकमा स्वास्थ्य, शिक्षा र जीवनस्तर पर्छन्। शिक्षाअन्तर्गत विद्यालय जाने अवधि, विद्यार्थीको विद्यालयमा हाजिरी तथा स्वास्थ्यअन्तर्गत बाल मृत्युदर र पोषण पर्छन्। यसै गरी जीवनस्तरअन्तर्गत बिजुली, सरसफाइ, खानेपानी, भुइँ र छाना, खाना पकाउन प्रयोग गरिने इन्धन तथा सम्पत्तिको स्वामित्व आदि पर्छन्। यी सबै सूचकको सूक्ष्म अध्ययन गर्ने हो भने रौतहटको अवस्था दयनीय रहेको बुझ्न सकिन्छ। यस्तै बहुआयामिक गरिबीका कारण पनि छन्।*



सञ्जय साह मित्र

मधेश प्रदेशको रौतहट जिल्लालाई मानव विकास सूचकाङ्कले दुई दशकदेखि सबैभन्दा गरिब देखाइरहेको छ। शिक्षा, स्वास्थ्य तथा आर्थिक परिदृश्य सबैमा निकै पछाडि रहेको सुगम जिल्ला रौतहट विकासको सम्भावना बोकेको भए पनि निरन्तर पछाडि पर्दै आएको छ।

**तथ्यांकमा रौतहट**

कुल एक हजार १२६ वर्ग किलोमिटर क्षेत्रफल भएको रौतहटमा प्रति वर्गकिलोमिटर ७२३ मानिस बसोबास गर्छन्। यो उच्च जनघनत्व भएको जिल्ला हो। यहाँको जनसंख्या विसं २०७८ को जनगणना अनुसार, आठ लाख १३ हजार ५७३ रहेको छ। २०६८ मा यहाँको जनसंख्या छ लाख ८६ हजार ७२२ थियो। पछिल्ला दुई जनगणनाको तुलना गर्दा यहाँको वार्षिक जनसंख्या वृद्धि दर १.६३ प्रतिशत रहेको छ। अर्थात्, देशको जनसंख्या वृद्धिदर उच्च रहेको जिल्लामा रौतहट पनि पर्छ। यहाँ प्रतिपरिवार औसत ५.९४ जना बसोबास गर्छन्। परिवारमा सदस्य संख्याको दृष्टिकोणले देशमा यो ठुलो संख्या हो। यहाँ एक परिवारमा नौ जनाभन्दा बढी सदस्य भएको परिवार संख्या १८ हजार ४४९ रहेका छन्। रौतहटमा पुरुष साक्षरता दर ६६.०२ र महिला साक्षरता दर ४९.४८ गरी औसत साक्षरता दर ५७.७५ प्रतिशत रहेको छ, जुन देशमा सबैभन्दा कम साक्षरता दर भएको जिल्ला हो। यहाँका १८ हजार ५४७ परिवार शौचालयको पहुँचभन्दा बाहिर छन्।

**आर्थिक सक्रियता**

देशमा करिब सबैभन्दा न्यून प्रतिव्यक्ति आम्दानी रहेको रौतहटमा १० वर्ष र सोभन्दा माथि उमेरका ९२ हजार १९३ पुरुष र एक लाख ५६ हजार ३८२ महिला आर्थिक रूपले सक्रिय रहेका छैनन्। रौतहटमा नौ हजार ८७९ पुरुष र नौ हजार ८७७ महिला बेरोजगार रहेको तथ्याङ्क छ। विभिन्न किसिमको पेसा तथा व्यवसायमा संलग्न मानिसको संख्या पनि तुलनात्मक रूपमा निकै कम रहेको छ। आर्थिक गतिविधिले अपेक्षित सक्रियता नपाउँदा रौतहटको अर्थतन्त्रमा झन् असर पुगेको देखिएको छ।

**बहुआयामिक गरिबी**

अलिकति पुरानो तथ्याङ्कलाई आधार मान्ने हो भने राष्ट्रिय योजना आयोग र 'अक्फोर्ड पोभर्टी एन्ड ह्युमन डेभलपमेन्ट इनिसियटिभ' को सन् २०१८ को अध्ययन प्रतिवेदन अनुसार मधेश प्रदेशमा बहुआयामिक गरिबी ४७.९७ रहेको थियो। देशमा १७.७ प्रतिशत नागरिक बहुआयामिक गरिबीको रेखामुनि मानिएको अवस्थामा रौतहटमा सबैभन्दा बढी ४६.४३ प्रतिशत रहेको पाइएको छ।

**गरिबीका सूचकहरू**

बहुआयामिक गरिबीका सूचकमा स्वास्थ्य, शिक्षा र जीवनस्तर पर्छन्। शिक्षाअन्तर्गत विद्यालय जाने अवधि, विद्यार्थीको विद्यालयमा हाजिरी तथा स्वास्थ्यअन्तर्गत बाल मृत्युदर र पोषण पर्छन्। यसै गरी जीवनस्तरअन्तर्गत बिजुली, सरसफाइ, खानेपानी, भुइँ र छाना, खाना पकाउन प्रयोग गरिने इन्धन तथा सम्पत्तिको स्वामित्व आदि पर्छन्। यी सबै सूचकको सूक्ष्म अध्ययन गर्ने हो भने रौतहटको अवस्था दयनीय रहेको बुझ्न सकिन्छ। यस्तै बहुआयामिक गरिबीका कारण पनि छन्। रौतहटमा बहुआयामिक गरिबी उच्च रहेको छ। देशको सबैभन्दा गरिब जिल्ला रौतहटको बहुआयामिक गरिबीलाई कम गर्न यसका कारणबारे बुझ्नु जरुरी देखिन्छ।

**स्वास्थ्य**

रौतहटको स्वास्थ्य स्थिति कमजोर छ। स्वास्थ्य चेतना र स्वास्थ्य संस्था दुवै कमजोर छन्। रौतहटबाट हरेक वर्ष लाखौँ बिरामी उपचारका लागि जिल्लाबाहिर देशभित्रको अस्पताल तथा भारतीय अस्पतालमा पुग्छन्। स्वास्थ्यको क्षेत्रमा हरेक वर्ष रौतहटबाट ठुलो रकम बाहिरिने गर्छ। बाहिरबाट रौतहटमा उपचार गर्न आउने मानिसको संख्या अत्यन्त न्यून छ।

**शिक्षा**

विद्यार्थी संख्याको अनुपातमा रौतहटमा शिक्षकको दरबन्दी र उपलब्धता न्यून छ। यहाँको शिक्षाको स्तर कमजोर हुनुमा अन्य कारण पनि छन्। यसैले यहाँबाट प्राथमिक तहदेखि विश्वविद्यालयसम्म अध्ययनको लागि बाहिर जाने विद्यार्थीको संख्या दसौँ हजार रहेको अनुमान छ। प्रतिविद्यार्थी वार्षिक औसतमा एक लाख रुपियाँभन्दा बढी खर्च भइरहेको अनुमानको आधारमा हरेक वर्ष अरबौँ रुपियाँ जिल्लाबाट बाहिरिएको छ। शैक्षिक भ्रमणमा रौतहटबाट विभिन्न तहमा अध्ययनरत विद्यार्थी करिब एक सय बस लिएर जिल्लाबाहिर निस्कने गरेका छन् तर जिल्लाबाहिरबाट शैक्षिक भ्रमणमा रौतहट आउने विद्यार्थीको संख्या नगन्य छ। शैक्षिक भ्रमणमा पनि रौतहटको करोडौँ रकम बाहिरिने गरेको देखिएको छ।

**धार्मिक यात्रा र पर्यटन**

हरेक वर्ष करिब एक लाख मानिस रौतहटबाट भारतको देवघर, बनारस तथा अन्य तीर्थस्थलमा दर्शनका लागि जाने गरेका छन्। भारतका प्रमुख तीर्थस्थल चारधाम, वैष्णोदेवी, गङ्गासागर, रामसेतुसहित टाढा मानिएका र धेरै खर्च लाग्ने तीर्थस्थलमा पनि बर्सेनि हजारौँ रौतहटवासी पुग्ने गरेका छन्। यसरी भारतका विभिन्न तीर्थस्थलको दर्शन भ्रमणमा रौतहटबाट हरेक वर्ष अर्बौं बाहिरिने गरेको छ। भारतको प्रयागराजमा हालै सम्पन्न महाकुम्भमा रौतहटबाट एक लाखभन्दा बढी मानिस प्रयागराज पुगेको अनुमान गरिएको छ। यस वर्षका लागि रौतहटले जिल्लाबाहिर व्यय गरेको यो थप रकम हो। रौतहटमा पर्यटन गतिविधि न्यून छ। पहिलेदेखि नुनथरले जिल्लाबाहिरबाट पनि पर्यटक तानिरहेको थियो तर नुनथर पुग्ने पर्यटक अब नजिकै रहेको सर्लाहीको भरत तालतर्फ तानिएका छन्। मौलापुरमा हुने मधानी महोत्सवमा भने अन्य जिल्ला र भारतबाट पनि केही लाखको संख्यामा मानिस पुग्ने गरेका छन्। अन्य धार्मिक तथा पर्यटकीय गतिविधिले जिल्लाबाहिरका मानिसलाई आर्थिक रूपमा सकारात्मक प्रभाव पार्ने गरी उल्लेख्य रूपमा तान्ने गरेको खासै पाइएको छैन।

**दैनिक उपभोग्य सामग्री**

हरेक दिन भारतीय सीमावर्ती बजारहरूमा हजारौँ रौतहटवासी पुग्छन्। कपडा र किरानाका साथै अन्य दैनिक उपभोग्य सामग्रीको खरिद गर्न हरेक दिन करोडौँ रुपियाँ बाहिरिने गरेको छ। चामल मुख्य गरी हाफ ब्वाइल र बासमती भारतबाटै किनेर खानेको संख्या लाखौँमा रहेको छ। पारिवारिक तथा सामाजिक उत्सवहरू जस्तै पूजा, व्रतबन्ध, विवाह, यज्ञ, अष्ठजाम जस्ता अवसरका सामग्री खरिदका लागि भारतको भित्री सहरसम्म पुगेर मोटो रकम खर्च गर्ने प्रवृत्ति रहेको छ। हरियो तरकारी, गेडागुडी, फलफूल तथा ड्राई फ्रुट्समा पनि धेरै ठुलो परिमाणमा रकम बाहिरिने गरेको छ। ठुला चाडपर्वको समयमा भारतीय बजारमा पुग्ने भिडसँगै त्यहाँ खर्च हुने रकम निकै बढी हुन्छ। सौन्दर्य र सफाइसित सम्बन्धित सामग्रीहरूमा पनि भारतीय निर्भरता उच्च छ तर सीमावर्ती केही साना तथा छाप्रे होटलमा मदिरासेवन गर्ने ग्राहकबाहेक भारतबाट रौतहटमा यी र यस्ता सामग्री किन्ने ग्राहक खासै आएको पाइँदैन वा ज्यादै न्यून ग्राहक आउँछन्। यसरी रौतहटबाट भारततिर हरेक दिन करोडौँ रकम बाहिरिने गरेको देखिँदा यहाँ आउने रकमसित तुलनै गर्न नसकिने असन्तुलन रहेको छ।

**उद्योग र उत्पादन**

रौतहटमा रोजगारमूलक उद्योगहरूको अभाव छ। औद्योगिक उत्पादन ज्यादै न्यून छ। जिल्लाले औद्योगिक विकास गर्न सकेको छैन। यस कारण यहाँबाट निर्यात हुने वस्तुको मात्रा न्यून छ। अत्यधिक आयात हुन्छ। आयातमा रौतहटको रकम बाहिरिन्छ। जिल्लाको मुख्य पेसा कृषि हो। समयमा पानी नपर्नु र सिँचाइको भरपर्दो व्यवस्था नहुनुका साथै समयमा रासायनिक मल उपलब्ध नहुनु, कम गुणस्तरको मलको उपयोग गरिनु र बिउबिजनमा पनि बाह्य निर्भरता हुनुले कृषि उत्पादनमा अपेक्षित वृद्धि हुन सकेको छैन। कृषि पनि व्यावसायिक र आधुनिक हुन नसकेको तथा कृषि तथा कृषिजन्य उत्पादनका उत्पादक कृषकलाई आफ्नो उत्पादनको मूल्य निर्धारणमा भूमिका नहुने भएकाले कृषिले अपेक्षाकृत आय वृद्धि गर्न सकेको छैन।

**अन्त्यमा**

रौतहट एउटा दृष्टान्त हो। मधेश प्रदेशका अन्य जिल्लाको अवस्था खासै सन्तोषजनक छैन। देशका सबै प्रदेशमध्ये मधेश प्रदेशको मानव विकास सूचकाङ्क सबैभन्दा तल रहेको छ। यति हुँदाहुँदै पनि स्वास्थ्य, शिक्षा तथा जीवनस्तरका अन्य क्षेत्रमा रौतहट निरन्तर सबैभन्दा पछाडि परिरहेको अवस्थामाथि भने विचार गर्नै पर्ने हुन्छ। जिल्लाबाहिर सेवा र श्रम गरी यहाँका नागरिकले रौतहटमा भित्र्याउने रकमलाई जिल्लामै टिकाउने र उत्पादनमूलक काममा लगाउने वातावरण निर्माण हुनु आवश्यक देखिएको छ। स्वास्थ्य, शिक्षा र जीवनस्तरसित सम्बन्धित अन्य पक्षमा रौतहटलाई आत्मनिर्भर बनाउन सबै पक्षको ध्यान जानु आवश्यक देखिन्छ। गोपबाट

# मधुमेहको समस्यामा कुन-कुन फलफूल खान हुँदैन ?

डा. विनय भट्टराई

मधुमेहको समस्यामा सुगर नियन्त्रण गर्न एकदमै जरुरी हुन्छ। खानपानमा नियन्त्रण र जीवनशैली परिवर्तन गरेर रगतमा चिनीको मात्रा सामान्य बनाउन सकिन्छ। गुलियो त मधुमेहको बिरामीका लागि मन्द विष नै हो भन्ने गरिन्छ।

के यस्तोमा गुलिया फलफूल पनि मधुमेहको बिरामीका लागि हानिकारक हुन सक्ला ?

फलफूलमा पानी, भिटामिन, फाइबर, एन्टिअक्सिडेन्ट र विभिन्न प्रकारका पोषक तत्त्वहरू पाइन्छ। प्राकृतिक रुपमा पाइने गुलियोपनाले त शरीरलाई कुनै पनि हानि पुर्‍याउला र भन्ने प्रश्न पनि धेरैको मनमा होला। मधुमेह भएका बिरामीले आफ्नो रगतमा चिनीको मात्रा नियन्त्रण गर्न आहारमा विशेष ध्यान दिनुपर्छ। फलफूलमा प्राकृतिक चिनी (फ्रुक्टोज) पाइन्छ, जसले रगतमा चिनीको मात्रा बढाउन सक्छ।

मधुमेहका बिरामीले फलफूल त खान मिल्छ, तर कुन फलफूल कति खाने भन्ने कुरामा भने ध्यान दिनुपर्ने हुन्छ। फलफूलमा कार्बोहाइड्रेटका साथै खनिज र भिटामिन पनि पाइने भएकाले खान सकिन्छ। तर धेरै मात्रामा फलफूल खाइयो भने पनि शरीरमा सुगर लेभल बढ्छ।

खानेकुरा तथा फलफूलमा सुगर लेभल मापन गर्ने ग्लाइसेमिक इन्डेक्स (रगतमा चिनीको स्तर बढाउने तत्त्व) ले हो। त्यसैले कुन फलफूलमा ग्लाइसेमिक इन्डेक्स बढी र कुनमा कम छ भनेर छुट्ट्याउनुपर्छ। ग्लाइसेमिक इन्डेक्स कम भएका फलफूल अलि बढी खान सकिन्छ भने ग्लाइसेमिक इन्डेक्स बढी भएका फलफूल कम खानुपर्छ।

**ग्लाइसेमिक इन्डेक्स बढी हुने फलफूल**

**आँप**

आँपलाई फलफूलको राजा मानिन्छ। तर मधुमेह रोगीले भने आँप धेरै खान हुँदैन। आँपमा ग्लाइसेमिक इन्डेक्स बढी हुन्छ। ५५ भन्दा कम ग्लाइसेमिक इन्डेक्स भएका खानेकुरा मधुमेह रोगीका लागि राम्रो मानिन्छ। आँपमा ५० देखि ५५ ग्लाइसेमिक इन्डेक्स हुन्छ। जसले रगतमा चिनीको मात्रा द्रुत रूपमा बढाउन सक्छ। त्यसैले मधुमेहका रोगीले आँप सकेसम्म थोरै मात्रामा खानुपर्छ।

**केरा**

केरा मधुमेह भएका व्यक्तिले पाकेको केरा थोरै मात्रामा खानुपर्छ। यसको ग्लाइसेमिक इन्डेक्स उच्च हुन्छ। जसले रगतमा चिनीको मात्रा बढाउन सक्छ। तर, काँचो केरामा टन्नै स्टार्च पाइन्छ। यसमा चिनीको मात्रा कम गर्ने अनि इन्सुलिन प्रतिरोधसँग लड्न मद्दत गर्ने फाइबर पनि हुन्छ। काँचो केरा भने मधुमेहमा खान सकिन्छ।

**लिची**

उच्च ग्लाइसेमिक इन्डेक्सका कारण लिची कम खानुपर्छ। धेरै खाँदा रगतमा चिनीको मात्रा बढ्न सक्छ। जुन मधुमेहका लागि हानिकारक हो। त्यसैले मधुमेह रोगीहरूलाई यो फल एकदमै कम खानु राम्रो हुन्छ।

**भुइँकटहर**

भुइकटरमा ग्लाइसेमिक इन्डेक्स धेरै हुन्छ। यसबाहेक भुइँकटहरमा कार्बोहाइड्रेट पनि पाइन्छ। जसले मधुमेह रोगीलाई समस्या निम्त्याउन सक्छ। त्यसैले यो फल सीमित मात्रामा मात्र खानुपर्छ।

**अंगुर**

अङ्गुरमा पौष्टिक तत्त्व प्रशस्त मात्रामा पाइन्छ। तर यसमा ग्लाइसेमिक इन्डेक्स धेरै हुने भएकोले यसलाई कहिलेकाहीँ थोरै मात्रामा मात्र खानु उपयुक्त हुन्छ।

**ग्लाइसेमिक इन्डेक्स कम हुने फलफूल**

अम्बा, स्याउ, मौसम, सुन्तला, नास्पाती, किबी, ड्रागन फ्रुट, एभोकाडो, खर्बुजा जस्ता फलफूलमा ग्लाइसेमिक इन्डेक्स कम हुने भएकोले यस्ता फलफूल मधुमेहका बिरामीले खान सक्छन्।

सबै फलफूल तौलेरै खान त गाह्रो होला। यद्यपि मधुमेहका बिरामीले दैनिक १०० देखि २०० ग्रामसम्म फलफूल खाँदा सुगर नियन्त्रणमा रहन्छ। फलफूलको जुस पिउनु भनेको केही मात्रामा चिनी सेवन गर्नु जस्तै हुने भएकाले जुसको सेवन नगर्नु राम्रो हुन्छ।

यदि चामल, रोटी, आलु आदि कार्बोहाइड्रेटयुक्त खानेकुरा खाइरहनुभएको छ भने, साथमा फल खाँदा चिनीको मात्रा झन् बढ्न सक्छ। त्यसैले अलग्गै सीमित मात्रामा खाने बानी बसाल्नुपर्छ।

**ड्राइफ्रुट्स**

मधुमेहका बिरामीले ओखर, काजु, पेस्ता, बदामलगायत प्रायः सबै प्रकारका ड्राइफ्रुट खान मिल्छ। यी खानेकुरामा ग्लाइसेमिक इन्डेक्स कम हुन्छ तर किसमिस र छोकडामा भने ग्लाइसेमिक इन्डेक्स बढी हुन्छ। त्यसैले यी दुईलाई भने कम मात्रामा खानुपर्छ।

# 'लाछाको डोरी' बाट व्यावसायिकतातर्फ उन्मुख

वालिङ (स्याङ्जा)। स्याङ्जाको पुतलीबजार नगरपालिका-३ बस्ने २४ वर्षीया अनुशा मियाँको हातमा केही सीप थिएन। उनलाई हातमा कुनै पनि सीप नभएपछि घरधन्दा मात्रै गरेर बस्नुपर्ने बाध्यता थियो। अब भने उनको सोचमा परिवर्तन आएको छ। परिवर्तन आउनुको कारण 'लाछाको डोरी'सम्बन्धी तालिममा सहभागी भएर सीप हासिल गर्नु हो।

सीप नहुँदासम्म अलमलमा परे पनि हातमा सीप भएपछि उत्साहित भएर अगाडि बढेको महसुस उनले गरिन्। पुतलीबजारकै जमिना बानु पनि लाछाको डोरी बनाउने र त्यसलाई बजारसम्म पुर्‍याएर बिक्री गर्ने तयारीमा छिन्। "परिवारको लालनपालनका लागि पनि केही सीप सिक्न पाएहुन्थ्यो भन्ने लागेको थियो आज साकार भयो।"-उनले भनिन्।

दुई प्रतिनिधि पात्र जस्तै तालिममा सहभागी अन्य मुस्लिम महिला पनि लाछाको डोरी बुन्दै व्यावसायिक ढङ्गबाट अगाडि बढ्ने तयारी गरिरहेको उनले बताइन्। सामाजिक विकास कार्यालयको आयोजनामा जिल्लाका मुस्लिम समुदायका महिलाका लागि मुसलमान समुदायको आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको सामाजिक विकास कार्यालयका प्रमुख जीवन पौडेलले बताए।

"मुस्लिम समुदायको परम्परागत सीपका रुपमा रहेको पेसालाई आधुनिक ढङ्गबाट सञ्चालन गरी व्यवसाय वृद्धि गर्र्ने कार्यालयको लक्ष्य हो", उनले भने-"सीमान्तकृत नागरिकलाई सचेतनासँगै आर्थिक सशक्तिकरणका लागि सामाजिक विकास कार्यालयले सहयोग गर्दै आइरहेको छ।" लाछाको डोरी बनाउन सिकेका मुस्लिम समुदायका महिलाले आफ्नो समुदायमा प्रयोगमा आउने सामग्री उत्पादन र बजारीकरण गरी आर्थिक लाभ लिनसक्ने उनले जनाए।

तालिममा २० जना मुस्लिम समुदायका महिलाले १० दिनसम्म सीप सिकेका हुन्। "लक्षित समुदायका महिलाका लागि नयाँ नयाँ सीप हस्तान्तरणले उहाँहरुको आर्थिक सशक्तिकरणसँगै व्यावसायिकता वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।"- नगर प्रमुख तुल्सीराम रेग्मीले भन्ने।

# सर्प उद्धार कर्ता सारु कान्छाले झुल वितरण गर्दै जनचेतना फैलाउँदै



बुटवल । रुपन्देहीको सैनामैनाका सर्प उद्धार कर्ता चेत बहादुर सारु ( सारु कान्छा)ले समुदायमा पुगेर झुल वितरण गरेका छन् । गर्मीयाम सुरु भएपछि लामखुट्टे तथा सर्पको डसाईबाट बच्नको लागि भन्दै उनले समुदायमा पुगेर झुल वितरण गरेका हुन् ।

शनिबार सैनामैना नगरपालिका वडा नं. १० सालझण्डीको कटानीमा गरिब तथा विपन्न परिवारलाई सारु कान्छाले परिवार संख्याको आधारमा २०० झुल वितरण गरेका हुन् । प्रत्येक वर्ष झुल विरण गर्दै आएका उनले समुदायमा सर्पको डसाईबाट बच्ने उपायको बारेमा जनचेतना फैलाउँदै झुल वितरण गर्दै आएका छन् ।

विगत ५ वर्षदेखि सर्पको उद्धार गर्दै आएका सारु कान्छाले बैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपाली र सर्प उद्धार गर्दा पाएको रकमबाट प्रत्येक वर्ष झुल वितरण गर्दै आएको बताए ।

यस क्षेत्रमा पाइने विषालु सर्पहरु गोबन, बाघे, गनग्वारी र घोरघोराईजको बारेमा जानकारी दिँदै बच्ने उपायको बारेमा उनले जानकारी दिए । उनले अहिलेसम्म ५ सयभन्दा बढी सर्पको घर तथा गोठबाट उद्धार गरेर सुरक्षित बासस्थानमा छोड्दै आएका छन् ।

स्थानीय समाजसेवी होमनाथ अधिकारीले सारु कान्छाले सर्पको उद्धारसँगै सर्पबाट बच्ने उपायको बारेमा समुदायमा जनचेतना फैलाउँदै आएको बताए । विदेशमा रहेका नेपाली र सारु कान्छाको सहयोगबाट गरिब तथा बिपन्न परिवारलाई झुल वितरण गरिएको उनले जानकारी दिए । सर्प उद्धार कर्ता चेतबहादुर सारु, दीपका काउचा, तुलसी पोखरेल, राजकुमार रेश्मी , प्रेमा पुलामी, गगन श्रेष्ठ र एमके ईकुमेन्टको आर्थिक सहयोगमा झुल वितरण गरिईएको अधिकारीले जानकारी दिए ।

स्थानीय निमा पुन काउचाले विगत २ वर्षदेखि लामखुट्टे तथा सर्पको डसाईबाट बच्नको लागि र गरिब तथा बिपन्न परिवारलाई जनचेतना फैलाउनको लागि कार्यक्रम गर्दै आएको बताइन् ।

अर्का स्थानीय नवराज खनालले सारु कान्छाले सर्प उद्धारको काम सुरु गरेपछि यस क्षेत्रमा सर्प मार्ने क्रम घट्दै गएको र घरमा आएका सर्पलाई उद्धार हुने गरेको बताए । स्थानीय हर्कबहादुर बस्नेतले सर्पको डसाईबाट पीडित भएर पनि सारु कान्छाले यस क्षेत्रमा सर्पको उद्धार गर्दै र जनचेतना फैलाउँदै आएको चर्चा गरेका थिए ।

# प्रधानमन्त्री कप क्रिकेटको उपाधि नेपाल पुलिसलाई

भैरहवा । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । शनिबार भएको फाइनलमा त्रिभुवन आर्मी क्लबलाई छ विकेटले पराजित गर्दै पुलिसले उपाधि जितेको हो ।

जितका लागि १५५ रनको लक्ष्य पछ्याएको पुलिसले २५.२ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । उसका लागि ओपनर कुशल भुर्तेलले ६१ रन बनाए । कूल ७० बलको सामाना गरेका उनले सात चौका र तीन छक्का प्रहार गरे । यस्तै अमित श्रेष्ठले ३९ र दिलिपनाथले अविजित ३१ रन बनाए ।

आर्मीका लागि साहब आलमले तीन र नरेन साउदले एक विकेट लिए ।

त्यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङको निम्तो पाएको आर्मीले ४३ ओभरमा सबै विकेट गुमाउँदै १५४ रन बनाएको थियो । २५ रनमै ५ विकेट गुमाएको आर्मीका लागि कप्तान विनोद भण्डारी र वसीर अहमदले ७५ रन बढीको साझेदारी गरेका थिए । उसका लागि बसीर अहमदले १०४ बलको सामना गर्दै नौ चौका र एक छक्काको सहयोगमा ८६ रन बनाए भने कप्तान विनोद भण्डारीले २९ रनको योगदान दिए । त्यसबाहेक विवेक यादवले ११ रन बनाउँदा अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अंक समेत जोड्न सकेनन् ।

आर्मीलाई सस्तोमै समेट्ने क्रममा बलिङतर्फ नेपाल पुलिसका करण केसीले ७ ओभरमा एक मेडेनसहित ३० रन खर्चेर तीन विकेट लिए । सागर ढकालले आठ ओभरमा २९ रन खर्चेर तीन विकेट लिँदा कप्तान दीपेन्द्र सिंह ऐरीले दुई र ललित राजवंशी र गुलशन झाले समान एक/एक विकेट लिए ।

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअर्न्तगत यसपटक ४६ वटा खेलहरु खेलाइएको थियो । यी सबै खेल पहिलो पटक काठमाडौं बाहिर रुपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रङ्गशाला, तिलोत्तमामा रहेको एकस्ट्राटेक ओभल क्रिकेट रङ्गशाला र दाङको लमहिमा रहेको देउखुरी अन्तरराष्ट्रिय रङ्गशालामा आयोजना भएको हो । प्रतियोगितामा ७ वटै प्रदेशका टोली र नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीको विभागीय टोली सहित १० वटा टोलीहरुले सहभागीता जनाएका थिए ।

# दाङका ८३ सामुदायिक वन डढेलोको जोखिममा

देउखुरी । दाङका ८३ सामुदायिक वन डढेलोको उच्च जोखिममा रहेका छन् । चुरे क्षेत्रमा रहेका सामुदायिक वन डढेलोको उच्च जोखिममा रहेको डिभिजन वन कार्यालयले जनाएको छ ।

पछिल्ला वर्षमा दाङका विभिन्न ठाउँमा डढेलो लाग्दा वन क्षेत्रमा ठूलो क्षति पुगेको डिभिजन वन कार्यालयले जनाएको छ । यहाँका वनमा आगो लाग्न सुरु भएको छ । लामो खडेरीले पातपतिङ्गर सुक्दा तथा हावाहुरीका कारण वन क्षेत्रमा अहिले आगलागीका घटना बढ्न थालेका छन् । कार्यालयका अनुसार गर्मी बढेसँगै दैनिक आगलागी र डढेलोका घटना बढ्न थालेका छन् । घोराही उपमहानगरपालिकाको वडा नं ३ र ५ का वन क्षेत्र तथा लमही नगरपालिकाको वडा नम्बर ६ को वन क्षेत्रमा डढेलो लागेको छ ।

जिल्लामा शून्य वन डढेलो अभियान चलाएर सामुदायिक वन उपभोक्ता समूहलाई सक्रिय बनाइए पनि विगत वर्ष जस्तै यस वर्ष पनि राष्ट्रिय तथा सामुदायिक वनमा आगलागीका घटना सुरु भएका छन् । डिभिजन वन कार्यालयका अनुसार यस वर्षको वसन्त ऋतुमा अत्यधिक गर्मी र सुक्खा मौसमका कारण वन डढेलोका घटना तीव्र रूपमा वृद्धि भएका निमित्त डिभिजनल वन अधिकृत मदनप्रसाद ढुङ्गानाले बताए ।

डढेलोको उच्च जोखिम रहेका क्षेत्रमा जिल्लाको बबई, दङ्गीशरण, घोराहीका वडा नं २, ३ र ५, राप्ती नदी आसपासका वन, बङ्गलाचुलीको ८ नम्बर वडा, गढवा गाउँपालिकाको सालको वनमा समेत वन डढेलोको जोखिम रहेको ढुङ्गानाले जनाए ।

डढेलो नियन्त्रणका लागि स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय तथा स्वयंसेवक सक्रिय रहे पनि मानवीय लापरबाहीका कारण वनमा आगलागी बढेको उनले बताए । जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सामुदायिक वन समूह, उपभोक्ता समूह, डढेलो नियन्त्रण दस्तासँग डढेलो रोकथामका लागि समन्वयात्मक योजना पनि बनाउने गरिएक पनि वनमा आगलागी भइहालेमा नियन्त्रणका लागि पर्याप्त सामग्री नहुँदा समस्या हुने गरेको छ ।

डढेलो नियन्त्रणका लागि प्रचारप्रसारका कार्यक्रम, जोखिम क्षेत्रका विद्यालयमा पुगेर स्कूल शिक्षा, अग्निरेखा निर्माण र मर्मतलगायत कार्यक्रम नियमितजसो भइरहे पनि वन डढेलो नियन्त्रणमा सधैं चुनौती हुने गरेको डिभिजन वन कार्यालयका वन अधिकृत टेकन आचार्यले जानकारी दिए ।

उनले भने-"डढेलोले हुने क्षतिका बारेमा चेतनामूलक कार्यक्रम गर्दै आएका छौं ।" वनमा च्याउ, जडीबुटी र अन्य पालुवा उमार्नुपर्ने तथा वनमा डढेलो लगाउनेको पहिचान गरी कारबाही गर्नुपर्ने उनको भनाइ छ । वन क्षेत्रमा आगो लगाउँदा घाँसपातका पालुवा चाँडै पलाउने र वर्षायाममा जङ्गली च्याउ उत्पादनमा वृद्धि हुने गलत सोचाइ राखेर स्थानीयले वनमा डढेलो लगाउने गर्दा यो समस्या धेरैजसो हुने गरेको आचार्यको भनाइ छ ।

## Kapilvastu Municipality
## Office of Municipal Executive

Taulihawa, Kapilvastu
Lumbini, Province

# Invitation for Electronic Bids

Date of Publication: 17th Chaitra, 2081(30th March, 2025)

The Kapilvastu Municipality, Office of the Municipal Executive, Taulihawa, Kapilvastu invites online bids under e-procurement system in the www.bolpatra.gov.np from eligible bidders under National Competitive Bidding procedures for the procurement of the following works. The bidders can visit the PPMO website for the brief description with Public entity name: Kapilvastu Municipality, Office of Municipal Executive.

| S. N. | IFB NO. | Name of Projects | Estimated Amount (Exclusive VAT and PS) | Bid Security (NRs.) | Account No. for Cash Security | Bid Doc fee | Account No. for Bid Doc Fee | Final Bid Submission Date& Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM/ 081 /082- 26 | Maintenance of Jamuwar Nahar Bargadawa Black Topped road(0+755-1+020K.M.) | 1,706,126.88 | 50,000.00 | Rastriya Banijya Bank, Taulihawa Barnchh Sthaniya Taha Dharauti Khata No.3110100303000002 | 1000.00 | Rastriya Banijya Bank, Taulihawa Barnc Rastriya Banijya Bank, Taulihawa Barnchh Aantarik Rajaswa Khata No.:3110100301010002 Office Code :8010549015 Rajaswa Sirsak No.. 14229 Or Cash receipt from Rajaswa Sakha Oh KMNP | 3rd Baisakh, 2082(15th April, 2025) 12:00 |
| 2 | KM/ 081 /082- 29 | Tilaurakot Ma.Vi. Agadiko Pokhari Sanrachhana KMNP-6 Gobari | 1,307,826.86 | 40,000.00 | | | | |
| 3 | KM/ 081 /082- 27 | Maintenance of Mahita Bargadawa Sukharampur Black Topped road(0+863-1+180km) | 3,946,637.98 | 120,000.00 | | 3000.00 | | 18th Baisakh, 2082(30th April, 2025) 12:00 |
| 4 | KM/ 081 /082- 28 | Maintenance of Sagar Tol Durga Mandir Road Black Topped Road | 3,336,038.00 | 100,000.00 | | | | |

Chief Administrative Officer

## Madhyabindu Collaborative Forest Management Group

**Kawasoti-14 Nawalparasi (BardaghatSusta East)**

# Invitation for E-Bid

Date of Publication: 2081-12-17 (2025-03-30)

1. Madhyabindu Collaborative Forest Management Group Office kawasoti-14 ,Nawalparasi (Ba.Su.Pu.) invites electronic bid from duly registered eligible bidders for the contract given below.

| S.N | Contract No. | Description of the Work | Estimated Amount With Vat And PS NRs | Minimum Bid Security Amount (NRs) and its validity period | Non Refundable fee for Bidding Document NRs | Bid Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | MCFMGK /Works/SQ-06/ 081-82 | Construction of Sarbajanik Sauchalaya 14,Nawalparasi (Ba.su.Pu) | 19,65,488.94 | 50,000.00 | 1000.00 | 45 Days | |

2. Bidders may obtains further information at the Madhyabindu Collaborative Forest Management Group Nawalparasi East Contract: 9869458376 ,9844778912,9841925441 or may visit PPMO e-GP System https://bolpatra.gov.np/egp.
3. For Purchasing Bid Document, Name of Office: Madhyabindu Collaborative Forest Management Group, Kawasoti -14 Nawalparasi (Ba.Su.Pu.), Name of Bank: RastriyaBanijya Bank Limited, Kawasoti Branch Account no.: 3200100002677001
4. To deposit security in Cash: Name of Bank: RastriyaBanijya Bank Limited, Account Name: Madhyabindu Sajhedari Ban Upabhokta Samuha, Account no: 3200100002677001.
5. Last date and time for bid submission: 2082-01-02 / 12:00 Noon (ii) Date, time and place for bid opening : 2082-01-02 / 14:00 Hours. Madhyabindu Collaborative Forest Management Group Nawalparasi (Ba.Su.Pu.) For detail information, please inspect the bidding documents at the Madhyabindu Collaborative Forest Management Group, Nawalparasi (Ba.Su.Pu.) or through website: www.bolpatra.gov.np/egp

**Office Chief**

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२








पत्रकार हत्या र सञ्चार गृहमा भएको आक्रमणको विरोध गर्दै पत्रकार महासंघ रूपन्देही, पाल्पा, नवलपरासी र नवलपुरले विरोधसभा गरेका छन् । राजावादीको अराजक गतिविधि, सरकारको फितलो सुरक्षा नीतिको कारण पत्रकार सुरेश रजकको हत्या र अन्नपूर्ण पोष्ट, कान्तिपुर, हिमालय टिभी, अनलाइन खबरलगायतका मिडियामा आगजनी भएको पत्रकारहरुले ठहर गरेका छन् । पत्रकार महासंघको स्थापना दिवसको सट्टा महासंघहरुले विरोधसभा गरेर प्रेसलाई अंकुश लागउने, पत्रकारको हत्या गर्ने आन्दोलन राजनीतिक नभई अपराधी प्रवृत्तिको भएकोले, दोषीलाई कडा कारबाही गर्नुपर्ने, घटनाको सत्य तथ्य, निष्पक्ष छानविन हुनुपर्ने, पत्रकार रजकको परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने, सञ्चारमाध्यममा आक्रमण गर्ने पक्षलाई कानुनी दायरामा ल्याउनु पर्नेमा पत्रकारहरुले माग गरेका छन् । काठमाडौंमा भएको राजावादीको आन्दोलन कानुनी शासनलाई चुनौती दिँदै लुटतन्त्र मच्चाउने गरी भएकोमा पत्रकारले भर्त्सना गरेका छन् ।

*तस्विर : आचार्य प्रदिप/कृष्ण पोखरेल/गौरीशंकर जयसवाल/रामकुमार श्रेष्ठ*

# स्टेलर एजुकेसनमा ग्रान्ड एजुकेशन एक्स्पो हुँदै




बुटवल । बुटवल मिलनचोकमा रहेको स्टेलर इन्टरनेसनल एजुकेसनमा आजदेखि ग्रान्ड एजुकेशन एक्स्पो हुँदैछ । युरोप, अमेरिकाका विभिन्न देशमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थिलाई उचित शैक्षिक परामर्श दिने उद्देश्यले एक्स्पो गर्न लागिएको हो । शैक्षिक मेलाको आयोजना स्टेलर इन्टरनेशनल एजुकेशन र आरबीएस इन्टेलेक्ट नेपालले संयुक्त रूपमा गरिरहेको स्टेलर इन्टरनेसनल एजुकेसन बुटवलका प्रबन्ध निर्देशक सूर्य रिजालले बताए । एक्स्पोमा विद्यार्थीहरू र अभिभावकहरूले विश्वविद्यालयका प्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट गर्न सक्ने, उच्च शिक्षा अध्ययनका लागि योग्य पाठ्यक्रम चयन गर्न विशेषज्ञहरूबाट निःशुल्क परामर्श, न्यूज़िल्यान्ड, बेलायत, अस्ट्रेलिया, क्यानडालगायतका देशहरूमा अध्ययन गर्ने अवसरबारे विस्तृत जानकारी प्राप्त गर्न सकिने, योग्य विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा वित्तीय सहायता योजनाहरू तथा आवेदन प्रक्रिया र प्रवेश प्रक्रियाबारे जानकारी दिइने भुसालले बताए । मेलाका प्रमुख वक्ताहरूमा स्टेलर इन्टरनेशनल एजुकेशन तथा आरबीएस इन्टेलेक्ट नेपालका प्रबन्ध निर्देशक सुदिप केसी, न्यूजिल्यान्डका पूर्व इमिग्रेशन अफिसरजनवी सहस्रबुद्ध र लिङ्कन विश्वविद्यालयकी अन्तर्राष्ट्रिय निर्देशक एनी गोह रहेका छन् ।

एक्स्पोमा लिन्कन युनिभर्सिटी, युनिभर्सिटी अफ ब्राडफोर्ड, वेब्स्टर युनिभर्सिटी, युनिभर्सिटी अफ तस्मानियालगायतका थुप्रै अन्तर्राष्ट्रिय विश्वविद्यालयहरू सहभागी हुँदैछन् ।

मेलामा सहभागी हुन विद्यार्थी, अभिभावक तथा इच्छुकहरूका लागि प्रवेश निःशुल्क रहेको छ ।

आज मार्च ३० देखि अप्रील ३० सम्म संस्थाको बुटवल कार्यालय आउने विद्यार्थीहरुलाई ३३ प्रतिशत छुटको व्यवस्था गरिएको म्यानेजिङ्ग डाईरेक्टर सुर्य रिजालले जानकारी दिए ।

# पाल्पाली नेवा समाजद्वारा रक्तदान




बुटवल । आठौँ विश्व नेवा दिवसको अवसरमा पाल्पाली नेवा समाज बुटवलले रक्तदान तथा वनभोज आयोजना गरेको छ । बुटवल उप-महानगरपालिकाका प्रवक्ता एवं बुटवल उप-महानगरपालिका वडा नम्बर १५ का वडाध्यक्ष शिवरानाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा २५ युनिट रगत सङ्कलन भएको थियो ।

कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिका प्रवक्ता रानाले नेवारी समाज र संस्कृति नेपालकै उत्कृष्ट भएकोमा खुसी व्यक्त गर्दै रक्तदान जस्तो पुण्य कर्म गरेकोमा धन्यवाद ज्ञापन गरे ।

पाल्पाली नेवा समाजका अध्यक्ष हिरालाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल नियमित रक्तदाता सङ्घका भास्कर शाही बुटवल वडा नं ७ का सदस्य वीरबहादुर तामाङ पाल्पाली नेवा समाजका सल्लाहकार चेतनारायण श्रेष्ठ महेन्द्र श्रेष्ठ रक्तसंचार सेवा इकाइ सिद्धार्थनगरका पदमप्रसाद बस्याललगायतले बोलेका थिए ।

समाजका अध्यक्ष हिरालाल श्रेष्ठले पाल्पाली निवास समाजले अहिलेसम्म गरेका गतिविधिको बारेमा जानकारी गराउँदै रक्तदाता एवं रक्तदानमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको सञ्चालन नेवा समाजका सचिव राजनकुमार श्रेष्ठले गरेका थिए ।

# व्यापार महोत्सवबाट ९० लाख रुपैयाँ आम्दानी



पाल्पा । तानसेन नगरपालिकाले दोस्रो व्यापार महोत्सवबाट ९० लाख रुपैयाँ शुद्ध आम्दानी गरेको छ । नगरपालिकाले आफ्नै कार्यालय अगाडि सार्वजनिक टुँडिखेल टेण्डरमार्फत् व्यापार महोत्सवको लागि भाडामा लगाएर ९० लाख रुपैयाँ आम्दानी गरेको हो । तानसेन नगरपालिकाले टुँडिखेलमा यही चैत २२ बाट बैशाख ३ सम्म हुने कृषि, रोजगार पर्यटन उद्योग र व्यापार महेत्सवको लागि ९५ लाख रुपैयाँमा ठेक्का दिएकोमा, ठेकेदार कम्पनीले अग्रिम रकम बुझाउँदा कवोल रकमा५ प्रतिशत छुट दिँदा ९० लाख रुपैयाँ नगरपालिकाको खातामा जम्मा भइसकेको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । गतवर्ष पनि तानसेन नगरपालिकाले ६२ लाख रुपैयाँ ठेक्का लगाएर प्रथम तानसेन महोत्सव संचालन गरी आन्तरिक आम्दानी गरेको थियो । महोत्सवबाट उठेको रकम तानसेनको विकास निर्माणमा खर्च गरिने नगर प्रमुख श्रेष्ठले बताए । गतवर्ष केही व्यवस्थापन खर्च तानसेन नगरपालिकाले गरे पनि यस वर्ष भने सम्पूर्ण खर्च एभरेस्ट इभेन्ट म्यानेजमेन्टले गर्ने र तानसेन प्राप्तभएको सम्पूर्ण रकम आन्तरिक आम्दानीको रुपमा बाधिने नगर उप-प्रमुख प्रतिक्षा गाहा सिंजालीले बताइन ।

चितवन भरतपुर एभरेस्ट इभेन्ट म्यानेजमेन्ट प्रालिले ९५ लाख ५ हजार ५ सय ५४ रुपैयाँ ९९ पैसामा व्यापार महोत्सव हात पारेको छ । तानसेन नगरपालिका मुख्यआयोजक, पाल्पा व्यापार संघ आयोजक, वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय लुम्बिनी प्रदेश, पर्यटन विकास परिषद् लुम्बिनी प्रदेश र घरेलु तथा साना उद्योग पाल्पा सहआयोजक र एभरेस्ट इभेन्ट म्यानेजमेन्ट प्रालिको मुख्य व्यवस्थापनमा दोस्रो तानसेन महोत्सव हुन लागेको हो ।

महोत्सवमा पाल्पाली ढाका, करुवा, कृषि तथा पशुजन्यलगायत माटाका भाडा, काठका ठेकाठेकी जस्ता स्थानीय प्रविधिलाई प्रोत्साहन गरिने जसको लागि ३० स्टलहरु निःशुल्क रुपमानगरपालिकाले उपलब्ध गराउने नगर प्रवक्ता यादव सिंह कार्कीले बताए ।

महोत्सवमा ५ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने र ८ करोड कारोबार हुने नगरपालिकाको अनुमान गरिएको छ । महोत्सव स्थलमा प्रवेश गर्नका लागि सर्वसाधारणको लागि ७५ रुपैयाँ र विद्यार्थीलाई ५० रुपैयाँ तथा जेष्ठ नागरिक र अपांगता भएकाव्यक्तिलाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको तानसेन नगरपालिकाले जनाएको छ ।


## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरु

-नुन कम भएको स्वस्थ र पोषलो आहार खाने,

-तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने ।

-सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने ।

-चिकित्सकको सल्लाह पालन गर्ने ।

-चिकित्सकले सिफारिस गरेको औषधि नछुटाई खाने ।

-आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं ।

स्वस्थ र दीर्घ जीवन बाँचौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



## हार्दिक श्रद्धाञ्जली



जन्मः २०२५/०४/२० मृत्युः २०८१/१२/०५

**स्व. ओम प्रकाश भुसाल**

पाल्पा जिल्ला तिनाउ गाउँपालिका-६, (साविक मस्याम १) हटिया घर भई हाल तिलोत्तमा-४, रुपन्देहीमा स्थायी बसोबास गर्दै आउनुभएका हाम्रा छिमेकी एवम् समाजसेवी ओम प्रकाश भुसालको यहि मिति २०८१ चैत ०५ गतेका दिन ५६ वर्षको उमेरमा भएको असामयिक दःखद निधनप्रति हामीहरु गहिरो दुख प्रकट गर्दछौं । शोकको यस दुखद घडीमा दिवंगत हुनुभएका ओम प्रकाश भुसालप्रति बैकुण्ठबासको कामना गर्दै शोकाकुल परिवारजन तथा आफन्तजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान्‌ले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

♦इश्वरी अर्याल ♦विशाल बेल्बासे (प्रो. मनकामना राइस मिल)
♦हरिलाल अर्याल (काइला बा) ♦राजु क्षेत्री (धौलागिरी स्टार कोल्ड स्टोर)
♦हरि खत्री ♦तिलक महत ♦रनु क्षेत्री

एवम् ति.न.पा.-४, मनाकामना पथ सम्पूर्ण छिमेकीहरू


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com